**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० अगस्त २०२६**
**समयः १८:५० - १९:०० बजे** *(अवधि १० मिनट)*

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीलाई उज्बेकिस्तानको सर्वोच्च राजकीय सम्मान, अर्डर अफ ओलिय दरजाली दोस्तलिकले सम्मान गरिएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले युवा, संगीतकार र कंटेंट क्रिएटर्सलाई नशा-मुक्त भारत अभियानको लागि जिंगल्स, स्लोगन र सामग्री तैयार गर्न अपील गर्नुभएको छ।
- आकाशवाणीबाट मन की बात कार्यक्रममा, प्रधानमन्त्रीले पीएम स्वनिधि योजनाको माध्यमले महिला सशक्तिकरणको उल्लेख गर्दै भन्नुभयो यस योजनाबाट 35 लाख महिला लाभान्वित भएका छन्।
- नेपाल बाढ़ीमा मृतकहरुको संख्या सात सय 68 पुगेको छ, लगभग दुई हजार 500 मानिसहरु अझै पनि निखोज छन्।
- गोर्खा जनपुस्तकालय खरसाङ, प्रज्ञा साझा मञ्च र सूचना अनि सांस्कृतिक विभाग जीटीए खरसाङको संयुक्त आयोजनामा सप्ताहव्यापी नेपाली भाषा मान्यता दिवस समारोह सम्पन्न गरिएको छ।
- मौसम विभागले दार्जीलिङ, कालेबुङ, जलपाईगडी अनि अलिपुरद्वारमा आगामी दुई देखि तीन दिनसम्म वर्षा जारी रहने पुर्वानुमान गरेको छ।

## मोदी - उज़्बेकिस्तान सर्वोच्च सम्मान

प्रधानमन्त्री नरेन्द्र मोदीलाई आज ताश्कन्दमा उज्बेकिस्तानका राष्ट्रपति शावकत मिर्जियोयेवले देशको सर्वोच्च राजकीय सम्मान, अर्डर अफ ओलिय दरजाली दोस्तलिकले सम्मानित गर्नुभयो। प्रधानमन्त्रीले यो सम्मान भारत र उज्बेकिस्तान बीचको लामो समयदेखिको बलियो सम्बन्धलाई समर्पित गर्नु भएको छ। श्री मोदीले सोशल मीडिया पोस्टमा यो सम्मान पाउँदा आफूलाई गौरवान्वित महसुस भएको बताउनु भएको छ।

## मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ विकसित भारतका लागि नशा मुक्त युवा अभियान देशभरि तीव्र गतिमा अगाडि बढिरहेको छ। आकाशवाणीबाट मन की बात कार्यक्रममा आज श्री मोदीले भन्नुभयो ठूलो संख्यामा मानिसहरू, विशेष गरी युवा, नशा मुक्त युवा, नशा मुक्त भारत अभियानको हिस्सा बनिरहेका छन्। प्रधानमन्त्रीले मानिसहरूलाई नशा मुक्त भारतको लागि प्रभावकारी नारा तैयार गर्न र युवा संगीतकारहरूलाई नशा मुक्त जीवनको सन्देश दिने गीतहरू रचना गर्न आग्रह गर्नुभयो।

*बाइट*

प्रधानमन्त्रीले भन्नुभयो पीएम स्वनिधि योजनाको माध्यमले लाखौं महिलाहरूले नयाँ शक्ति प्राप्त गरिरहेका छन्। श्री मोदीले भन्नुभयो लगभग 46 प्रतिशत महिला पीएम स्वानिधि योजनाका लाभार्थीहरू हुन्। उहाँले देशभरिका लगभग 35 लाख महिला यस योजनामा सामेल भएर आफ्नो व्यवसायलाई अगाडि बढाइरहेको बताउनुभयो। श्री मोदीले भन्नुभयो आज देशकी छोरीहरूको सपनाको उड़ान पृथ्वी देखि अन्तरिक्षसम्म पुगिरहेको छ। उहाँले भन्नुभयो भारतले विश्वभरिका हजारौं छोरीहरूलाई एक साथ जोड़ीरहेको छ जसले यी सपनाहरू साझा गर्छन्। प्रधानमन्त्रीले यस पहलको नाम मिशन शक्तिसैट रहेको र यसको माध्यमले 108 देशका 12 हजार छात्राहरूले उपग्रह प्रौद्योगिक सिक्ने र नवाचारको क्षेत्रमा अगाडि बढ्ने अवसर पाइरहेका बताउनुभयो। प्रधानमन्त्री मोदीले भन्नुभयो

अगस्तको महीना आफ्नो साथ देशभक्तिका धेरै रंगहरू लिएर आएको छ। उहाँले हर घर तिरंगा अभियानले देशभक्तिको भावनालाई अझ बलियो बनाएको बताउनुभयो।

*बाइट*

श्री मोदीले भन्नुभयो आगामी महिनाको तीन तारिखमा देशले महान महानायक उत्तम कुमारको जन्मशताब्दी मनाउनेछ। उहाँले उत्तम कुमार एक बहुमुखी प्रतिभाशाली अभिनेता थिए जसले आफ्नो अभिनयले मानिसहरूको मनमा स्थान जितेका थिए भन्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो मेला र चाडपर्वहरूले परम्परालाई जीवित राख्नका साथै एकअर्कासित जोडिने अवसर पनि प्रदान गर्दछ। उहाँले आगामी दिनहरूमा भारतमा जन्माष्टमी र विश्वकर्मा पूजा मनाइने उल्लेख गर्नुभयो।

**मुख्यमन्त्री मन की बात**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले सोशल मीडिया पोस्टमा प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो मन की बात कार्यक्रममा बंगाली चलचित्रकाका महानायक उत्तम कुमारलाई श्रद्धाञ्जली अर्पण गरेकोमा कृतज्ञता व्यक्त भएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभयो प्रधानमन्त्री मोदीले मन की बातमा उत्तम कुमारको अद्वितीय सिनेम्याटिक प्रतिभा, आकर्षण र अमिट कलात्मक विरासतलाई सुन्दर ढंगले उल्लेख गर्नुभयो।

**सम्पर्क-भारत-रुस द्विपक्षीय सम्मेलन**

भारत र रुस बीच द्विपक्षीय सम्बन्धलाई नयाँ दिशा दिने र सहयोगका लागि नयाँ अवसरहरू खोज्ने उद्देश्यले, 'सम्पर्क-भारत-रुस द्विपक्षीय सम्मेलन 2026' को आयोजन भोली कोलकातामा हुनेछ। यस महत्वपूर्ण सम्मेलन मार्फत कोलकाता र पूर्वी भारतलाई भारत-रूस सहयोगको एक महत्वपूर्ण केन्द्रको रूपमा स्थापित गर्ने प्रयास गरिनेछ।

**नेपाल-बाढ़ी**

नेपालमा अचानक आएको बाढीबाट मृत्यु हुनेहरुको संख्या सात सय 68 पुगेको छ। आपदाको पाँचौं दिन पनि दुई हजार पांच सय भन्दा बढी मानिसहरू बेपत्ता छन्। उद्धार दल बेपत्ता व्यक्तिहरूको खोजी र फसेका मानिसहरूलाई निकाल्ने काममा जुटेका छन्। विदेश मन्त्रालयले बताए अनुसार भारतबाट 11 टन राहत सामग्री लिएर चौथो विमान आज काठमाडौं पुगेको छ। यसअघि भारतले तीन विमानमा 57 टनभन्दा बढी राहत सामग्री पठाएको थियो।

**भाषा दिवस**

गोर्खा जनपुस्तकालय खरसाङ, प्रज्ञा साझा मञ्च र सूचना अनि सांस्कृतिक विभाग जीटीए खरसाङको संयुक्त आयोजनामा सप्ताहव्यापी नेपाली भाषा मान्यता दिवस समारोह सम्पन्न गरिएको छ। उक्त कार्यक्रम खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता समारोह आयोजक समितिको सभापति प्रकाश प्रधानको अध्यक्षतामा र खरसाङका विधायक सोनाम लामाको प्रमुख आतिथ्यमा सम्पन्न भयो। कार्यक्रममा छिमेकी देश नेपालमा आएको प्राकृतिक प्रकोपमा ज्यान गुमाउनेहरुको निम्ति मौन धारण गरिएको थियो। कार्यक्रममा सूचना अनि सांस्कृतिक विभागको खरसाङका कलाकारहरुले भाषा गीत प्रस्तुत गरेका थिए भने कार्यक्रममा नौमति बाजाको प्रस्तुति रहेको थियो।

**मौसम**

*राज्यका अधिकाँश भागहरूमा आज हल्कादेखि मध्यम तथा मेघ गर्जनसितै वर्षा भयो। मौसम विभागको कोलकाता केन्द्र अनुसार उत्तर-पश्चिम बङ्गालको खाड़ी र संलग्न पश्चिम बङ्गाल-ओडिशा तटमा विकसित निम्न दबाव आगामी 48 घण्टाभित्रमा पश्चिम-उत्तर-पश्चिम दिशा तर्फ अग्रसर हुनसक्छ। यसैको प्रभावले वर्षाको गतिविधि बढ़ेको हो।उत्तर बङ्गालका सबै जिल्लाहरूमा पनि आज हल्कादेखि मध्यम वर्षा अनि मेघ गर्जनसितै वर्षा भयो । दार्जीलिङ, कालेबुङ, जलपाईगडी, अलिपुरद्वार, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर अनि मालदाका केही स्थानहरुमा तीव्र हावा चल्ने अनि आकाशीय बिजुलीसितै वर्षा हुने सम्भावना छ। जलपाईगडीमा भोली एक-दुई ठाउँमा भारी वर्षा हुनसक्छ। दार्जीलिङ, कालेबुङ, जलपाईगडी अनि अलिपुरद्वारमा आगामी दुई-तीन दिनसम्म वर्षाको गतिविधि यथावत रहनसक्छ।*

**रेलिङ आगलागी**

दार्जिलिङ जिल्लाको पुलबजार खण्ड अन्तर्गत रेलिङ ग्राम पञ्चायतको वार्ड नम्बर 5 स्थित शान्तभेकमा हिजो राति भएको भीषण आगलागीमा तीन वटा घर जलेर पूर्ण रूपमा नष्ट भयो। प्राप्त जानकारी अनुसार, शान्तभेक निवासी पवरीश सुब्बाको घरमा हिजो राति लगभग 12 बजीतिर अचानक आगलागी भएको थियो। आगलागीको वास्तविक कारण भने खुल्न सकेको छैन। यस घटनामा लाखौँ रुपियाँको धनमाल नष्ट भएको अनुमान गरिएको छ।

**संयुक्त चालक मञ्च**

संयुक्त चालक मञ्चले एक सेप्टेम्बर देखि बाहिरका गाडीहरुलाई टाइगर हिल लगायत दार्जीलिङका स्थानीय पर्यटकीय स्थलहरूमा साइटसिन सेवा सञ्चालन गर्न नदिने निर्णय केही दिनका लागि स्थगित गरेको छ। संयुक्त चालक मञ्च, दार्जीलिङको प्रतिनिधिहरूको आज आकस्मिक बैठकपछि उक्त जानकारी दिइएको हो। मञ्चका सचिव प्रसन्न प्रधानले पत्रकारहरूसितको कुराकानीमा, केही दिनका लागि पूर्वघोषित कार्यक्रम स्थगित गरिएको बताउनु भयो।

**********